annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १५, पृष्ठ १० | काठमाडौं, शुक्रबार १ जेठ २०८३ | जेष्ठ कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४६ | FRIDAY, MAY 15, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार



चन्द्रागिरिमा बन्दै गरेको दोस्रो केबलकारको संरचना ।

## चन्द्रागिरिमा मापदण्डविपरीत ‘दोस्रो केबलकार’

चन्द्रागिरि हिल्सले सरकारसँग भएको सम्झौता र निर्धारित मापदण्डको ठाडो उल्लंघन गर्दै ३६ हेक्टर वन क्षेत्रभित्र दोस्रो केबलकार र अन्य भौतिक संरचनाहरूको निर्माणलाई तीव्र पारेको छ । सुरुमा ५ हेक्टर जमिनमा केवल साना कटेजहरू बनाउने सर्तमा वन क्षेत्र लिजमा लिए पनि कम्पनीले पहुँचको आधारमा होटल र संरचनाहरू खडा गरेपछि प्राकृतिक स्रोतको दोहन भएको भन्दै स्थानीय बासिन्दाहरूले कडा विरोध जनाएका छन् ।

अन्नपूर्ण | काठमाडौं

समाचार पृष्ठ २

## बेइजिङमा ट्रम्प-सी संवाद



**बेइजिङ** (एजेन्सी): अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच बेइजिङको ग्रेट हल अफ द पिपुलमा बहुप्रतीक्षित शिखर वार्ता भएको छ।

भेटका क्रममा ट्रम्पले चिनियाँ राष्ट्रपति सीको खुलेर प्रशंसा गरे। उनले सीलाई एक महान् नेताको संज्ञा दिँदै आफू उनको साथी हुन पाउनुलाई सम्मानको विषय भएको बताए। ‘तपाईं एक महान नेता हुनुहुन्छ। कहिलेकाहीँ मानिसहरूले मैले यस्तो भनेको मन पराउँदैनन्, तर म सत्य कुरा नै भन्छु,’ ग्रेट हल अफ द पिपुलमा आयोजित औपचारिक भेटअघि ट्रम्पले सीको खुलेर प्रशंसा गर्दै भने, ‘तपाईंसँग हुनु सम्मानको कुरा हो। तपाईंको साथी हुनु पनि सम्मानको कुरा हो।’

चिनियाँ राष्ट्रपति सीले भने ट्रम्पको तुलनामा बढी सतर्क र रणनीतिक सन्देश दिए। उनले विश्वका दुई ठूला शक्ति राष्ट्रहरू उदाउँदो र स्थापित शक्तिबीचको युद्धको जोखिमबाट जोगिनुपर्नेमा जोड दिए। सीले भने, ‘सहकार्यले दुवै पक्षलाई फाइदा पुर्‍याउँछ, जबकि द्वन्द्वले दुवैलाई हानि पुर्‍याउँछ। दुई देश प्रतिद्वन्द्वी होइन, साझेदार बन्नुपर्छ।’ नयाँ युगअनुसार प्रमुख राष्ट्रहरूले सम्बन्धको सही बाटो तय गर्नुपर्नेमा उनले विशेष जोड दिए।

भ्रमणका क्रममा व्यापार, इरान संकट र विश्व अर्थतन्त्रका जटिल विषयमा गहन छलफल भएको छ। इरान र इजरायलबीचको युद्धका कारण उत्पन्न ऊर्जा संकटका विषयमा पनि दुई नेताबीच संवाद भयो।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानमाथि चीनले आफ्नो प्रभाव प्रयोग गर्नुपर्ने बताएका छन्। तर, ट्रम्पले भने अमेरिकी अर्थतन्त्रमा दबाब परे पनि इरानलाई आणविक हतियार बनाउन नदिने आफ्नो अडानमा कुनै परिवर्तन नहुने स्पष्ट पारे। उनले आफ्नो मुख्य प्राथमिकता इरानको आणविक कार्यक्रम नियन्त्रण नै रहेको दाबी गरे।

बेइजिङमा ट्रम्पलाई भव्य सैनिक परेड र क्यानन सलामीसहित स्वागत गरिएको थियो। भ्रमणका क्रममा उनले ‘टेम्पल अफ हेभन’ को अवलोकन गरेका छन्।

## प्रधानमन्त्रीको जवाफबिनै सरकारको नीति तथा कार्यक्रम पारित

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रधानमन्त्री वालेन्द्र शाहको जवाफबिनै सरकारको नीति तथा कार्यक्रम सर्वसम्मत पारित भएको छ। विपक्षी दलहरूको विरोधका बीच प्रधानमन्त्रीका तर्फबाट अर्थमन्त्री स्वर्णिम वाग्लेले सांसदहरूले उठाएका प्रश्नको जवाफ दिएपछि नीति तथा कार्यक्रम पारित भएको हो।

बुधबार विपक्षी सांसदहरूले प्रधानमन्त्रीले संसद् छलेको भन्दै छलफल अघि बढाउन दिएका थिएनन्। तर, बिहीबार पनि प्रधानमन्त्री उपस्थित नभएपछि नीति तथा कार्यक्रमका विषयमा अर्थमन्त्री वाग्लेले उत्तर दिएका थिए। अर्थमन्त्रीले प्रधानमन्त्रीका तर्फबाट जवाफ दिन थालेपछि विपक्षी दलहरू एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राप्रपाले बैठक बहिष्कार गरेका थिए।

कांग्रेस भने विपक्षमा मत जाहेर गरेर बैठक अवधिभर संसद्मा नै बस्यो। अर्थमन्त्री रोस्टममा पुग्दासम्म प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, एमाले र नेकपाका सांसदहरूले भने बैठकमा उपस्थित भएरै विरोध जनाएका थिए। तर, सभामुख नीति तथा कार्यक्रम पारित गर्ने कार्यसूचीमा अघि बढेपछि कांग्रेस बाहेकका विपक्षी दल बाहिरिएका हुन्।

सभामुख डोलप्रसाद अर्यालले अर्थमन्त्री वाग्लेलाई जवाफका लागि समय दिएलगत्तै विपक्षीले अवरोध गरेपछि १५ मिनेटका लागि बैठक स्थगित गरिएको थियो। त्यसपछि पनि अवरोध जारी रहेपछि सभामुख अर्यालले संसद्को प्रक्रिया अगाडि बढाएका थिए।



प्रतिनिधिसभा अघि सरकारको नीति तथा कार्यक्रम राष्ट्रियसभाबाट पनि पारित भएको छ। प्रधानमन्त्रीका तर्फबाट उत्तर दिँदै अर्थमन्त्री वाग्लेले दुवै सभामा बोलेका थिए। अर्थमन्त्री वाग्लेले सदनमा सांसदहरूले राखेका चासो र सरोकारका विषयलाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रही प्राथमिकीकरण गरेर सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे। जेन-जी पुस्ताको आन्दोलन र त्यसपछिको निर्वाचनबाट प्राप्त दुईतिहाइको जनादेशलाई भ्रष्टाचार अन्त्यको आधार मान्दै उनले भने, ‘मुलुकबाट भ्रष्टाचारको समूल अन्त्य र सुशासन कायम गर्नुपर्ने माग राखी जेन-जी पुस्ताबाट भएको आन्दोलन पछिको निर्वाचनमार्फत जनताले एउटै पार्टीलाई दुईतिहाइ बहुमतको जनादेश दिएका छन्।’

अर्थमन्त्रीले नेपालको राजनीतिक इतिहासमा पहिलोपटक सबै दलका चुनावी प्रतिबद्धतालाई सरकारले राष्ट्रिय प्रतिबद्धताका रूपमा ग्रहण गरेको दाबी गरे। नीति तथा कार्यक्रमलाई सबैको साझा दस्तावेज बनाउन सरकार तयार रहेको बताउँदै उनले भने, ‘नीति तथा कार्यक्रममा माननीय सदस्यले राख्नुभएको धारणाको विश्लेषण गर्दा यसलाई सरकारले साझा दस्तावेज महसुस गरेको छ, राष्ट्रिय विकासमा साझा दृष्टिकोणसहित मापनयोग्य लक्ष्य तय गर्न सरकार प्रतिबद्ध छ।’ उनले सरकार गठनको पहिलो दिनदेखि नै सुशासनको आरम्भका रूपमा शासकीय सुधारका १०० कार्यसूची कार्यान्वयन भइरहेको जानकारीसमेत दिए।

आर्थिक रूपान्तरणका लागि अर्थतन्त्रको बनोटमा आमूल सुधार गर्ने योजना अर्थमन्त्रीले अघि सारे। उनले भने, ‘वैकल्पिक वित्तका विभिन्न उपायको प्रयोग गरिनेछ, सीमारहित अर्थतन्त्र र तौलरहित व्यापारको रणनीतिलाई आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गरिनेछ।’

ठूला र अधुरा आयोजनाका लागि वैदेशिक अनुदान र ऋण परिचालन गर्ने तथा सरकारी लगानीको लागत प्रभावकारिता मापन तेस्रो पक्षबाट गराई पारदर्शिता कायम गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे। संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाप्रतिको निष्ठामा शंका नगर्न आग्रह गरे।

उनले सरकारले सांसदहरूका सबै सुझावलाई ग्रहण गरेको र त्यसलाई बजेटमा समेट्ने प्रतिबद्धता जनाएका छन्। उनले भने, ‘सरकारले सबै सुझावहरूलाई ग्रहण गरेको छ। लिखित तथा मौखिक धारणाले कार्यक्रममा सबैको स्वामित्व स्थापित भएको छ। प्राप्त प्रतिक्रियालाई बजेटमा समावेश गर्नेछु। प्रस्तुत नीति तथा कार्यक्रमकै आधारमा बजेटका प्राथमिकताहरू पेस गर्नेछु।’

» बाँकी पृष्ठ २

## पूर्वगृहमन्त्री सुधन गुरुङमाथि छानबिन गर्न समिति गठन



**काठमाडौं** (अन्नपूर्ण): सरकारले पूर्वगृहमन्त्री सुधन गुरुङ मन्त्री हुँदा र त्यसपछि उठेका सार्वजनिक सरोकारका विषयमा अध्ययन तथा छानबिन गर्न समिति गठन गरेको छ।

मन्त्रिपरिषद्को २०८३ वैशाख २८ गतेको बैठकले उच्च अदालतका पूर्वन्यायाधीश अच्यूतप्रसाद भण्डारीको अध्यक्षतामा ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको हो। समितिको सदस्यहरूमा महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता अच्यूतमणि नेउपाने छन्। समितिलाई प्रतिनिधिसभा सदस्यसमेत रहेका पूर्वगृहमन्त्री गुरुङका सम्बन्धमा सार्वजनिक रूपमा उठेका विषयमा सत्यतथ्य अध्ययन तथा छानबिन गरी सरकारसमक्ष राय-सुझावसहित १५ दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ।

विवादित व्यापारी दीपक भट्टसँग सेयर लगानीलगायतका विषयमा नागरिक स्तरबाट प्रश्न उठेपछि गुरुङले वैशाख ९ गते राजीनामा दिएका थिए। प्रधानमन्त्री वालेन्द्र शाहले शपथ लिएकै दिन २०८२ चैत १३ गते उनी गृहमन्त्री भएका थिए।

## श्रम मन्त्रालयबाट हराएको प्रतिवेदन अझै भेटिएन

अन्नपूर्ण फलोअप

**अजवी पौड्याल** | *काठमाडौं*

करिब डेढ महिनादेखि श्रम मन्त्रालयको टेबलबाट हराएको श्रमिकको स्वास्थ्य संस्था अनुगमन प्रतिवेदन अझै भेटिएको छैन। मलेसिया जाने श्रमिकको ‘मेडिकल सिन्डिकेट’ होस् या अन्य देश जाने श्रमिकको स्वास्थ्य परीक्षणमा व्यापक अनियमितता भएको गुनासो बढेपछि अघिल्लो सरकारका श्रममन्त्री राजेन्द्रसिंह भण्डारीको नेतृत्वमा ‘स्पेसल टास्क फोर्स’ गठन गरी अनुगमन गरिएको थियो। अनुगमनपश्चात् तयार पारी तत्कालीन मन्त्रीलाई बुझाइएको सो प्रतिवेदन अहिले गायब छ।

श्रम मन्त्रालयका सहसचिव तथा प्रवक्ता पीताम्बर घिमिरेले प्रतिवेदन अझै नभेटिएको बताए। उनी भन्छन्, ‘व्यापक रूपमा खोजी भइरहेको छ। यसमा मन्त्रालयका सबै लागेका छौं, तर कसले कता राख्यो पत्तो छैन। मन्त्रालयमा उक्त प्रतिवेदनको फोटोकपी भने भेटिएको छ, तर सक्कलप्रति भेटिएन।’

‘मन्त्रीलाई बुझाएको प्रतिवेदन जोगाउने जिम्मा मन्त्रालयका कर्मचारीको होइन र ?’ भन्ने प्रश्नमा प्रवक्ता घिमिरेले प्रक्रियागत रूपमा प्रतिवेदन बुझाउने कार्य नभएकाले मन्त्रालयमा रेकर्ड नभएको जानकारी दिए। उनी भन्छन्, ‘सम्बन्धित शाखामा दर्ता गरेर बुझाउनुपर्थ्यो, तर दर्ता नभई बुझाइएको भन्ने छ। यसको आधिकारिकता पनि खोजिरहेका छौं।’

प्रतिवेदन कार्यान्वयनमा जान नपाउँदै गायब भएपछि अहिलेका प्रधानमन्त्री तथा श्रममन्त्रीले समेत यसलाई विशेष चासोका साथ हेरेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कारबाहीका लागि केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई पत्राचार गरिएको छ। सीआईबीका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार पत्राचार भइसकेको छ र आवश्यक कागजातको खोजी भइरहेको छ। ‘हामीले प्रतिवेदन पनि मगाएका छौं। बाँकी के-कसो भएको हो, अनुसन्धान सकिएपछि मात्र थाहा हुन्छ,’ उनले भने।

अनुगमनका क्रममा सरकारले तोकेको भन्दा चर्को शुल्क लिने, स्वास्थ्य परीक्षण नै नगरी शुल्क उठाउने, अनावश्यक धेरै थरी परीक्षण गर्न लगाउने, अनिवार्य परीक्षण नगरी रिपोर्ट मात्र दिने तथा मेडिकल व्यवसायीका गतिविधि शंकास्पद भेटिएको थियो।

निवर्तमान श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले भने कार्यदलले तयार पारेको प्रतिवेदन आफूले आधिकारिक रूपमा नबुझेको बताए। उनी भन्छन्, ‘आधिकारिक रूपमा प्रतिवेदन बुझ्ने समय भएन। निर्वाचन सम्पन्न भएपछि चैत ८ गते उक्त समितिले प्रतिवेदन मेरो कार्यकक्षमा एकप्रति ल्याएको थियो। यसलाई हेर्ने र कार्यान्वयन गर्ने समय नै भएन। मेरै कार्यकक्षको टेबलमा छाडिएको थियो, अब त्यो प्रतिवेदन कसले लग्यो वा कता पुर्‍यायो, मैले जान्ने कुरा भएन।’



> व्यापक रूपमा खोजी भइरहेको छ । यसमा मन्त्रालयका सबै लागेका छौं, तर कसले कता राख्यो पत्तो छैन । मन्त्रालयमा उक्त प्रतिवेदनको फोटोकपी भने भेटिएको छ, तर सक्कलप्रति भेटिएन ।
>
> **पीताम्बर घिमिरे**, प्रवक्ता, श्रम मन्त्रालय



> चैत ८ गते समितिले प्रतिवेदन ल्याएको थियो । यसलाई हेर्ने र कार्यान्वयन गर्ने समय नै भएन । मेरै कार्यकक्षको टेबलमा छाडिएको थियो, त्यो प्रतिवेदन कसले लग्यो वा कता पुर्‍यायो, मैले जान्ने कुरा भएन ।
>
> **राजेन्द्रसिंह भण्डारी**, निवर्तमान श्रममन्त्री